# हुप्सेकोट गाउँपालिका

आर्थिक वर्ष २०७५/०७६

# विनियोजन विधेयक

## गाउँ कार्यपालिकाको कार्यालय
## झ्यालबास, नवलपरासी, वर्दघाट सुस्ता पूर्व

हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरु को लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
सभाबाट स्वीकृत मिति २०७५/०३/१० गते ।

प्रस्तावना:

हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरु को लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) वमोजिम हुप्सेकोट गाउँ सभामा प्रस्तुत गरिएको छ ।

संक्षिप्त नाम र प्रारम्भ: (१) यो विधेयकको नाम “हुप्सेकोट गाउँपालिकाको विनियोजन विधेयक, २०७५” रहेको छ ।

(२) यो विधेयक गाउँसभाबाट स्वीकृत भए पछि २०७५ श्रावण १ बाट प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: (१) आर्थिक वर्ष २०७५।७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरु का निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२८,१८,९७,३७८/- अक्षरेपी अठ्ठाईस करोड अठार लाख सन्तानब्बे हजार तीन सय अठहत्तरमा नबढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त हुप्सेकोट गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरु को निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरु को निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरु मा रकम सार्न तथा निकाशा र खर्च जनाउन सकिने छ ।पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा वाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ वनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा वाहेक अन्यत्र सार्न सकिने छ तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु मा रकम सार्न परेमा गाउँ सभाको स्वीकृती लिनु पर्ने छ ।

अनुसुची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) वमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | १३,४३,९०,००० | १४,७५,०७,३७८ | | २८,१८,९७,३७८ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |